'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'

# नवयुग

विशेष ई-बुलेटिन

एघारौं राष्ट्रिय महाधिवेशन
CPN (UML) 11th NATIONAL CONGRESS

११औं महाधिवेशन
६ दिन बाँकी

२७-२९ मंसिर २०८२, काठमाडौं 13-15 DECEMBER 2025, KATHMANDU

वर्ष १, अङ्क २, मंसिर २१, २०८२, Dec 7 , 2025 नेपाल संवत् ११४५

# आउने चुनावबाट एमालेको सरकार : अध्यक्ष ओली

काठमाडौं । नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले चुनाव जहिले भए पनि चुनावबाट आउने सरकार एमालेकै हुने बताउनु भएको छ । अनाधिकृत सरकारले प्रतिनिधि सभा विघटन गरी फागुन २१ गते घोषणा गरिएको चुनाव नहुने अध्यक्ष ओलीले बताउनु भयो ।

मंसिर २७ गतेदेखि काठमाडौंमा सुरू हुने नेकपा (एमाले)को ११ औं महाधिवेशन तिव्र तयारीमा पार्टीको मुखपत्र 'नवयुग' विशेष ई-बुलेटिन विमोचन गर्दै शनिबार अध्यक्ष ओलीले भन्नुभयो- 'चुनाव जहिले होस् मतलव छैन । फागुन २१ गते चुनाव हुँदैन । तर चुनाव जहिले हुन्छ, त्यो चुनावबाट आउने सरकार एमालेको हो । अरू आउँछन् आउँदैनन् थाहा छैन । एमाले आयो-आयो ।'

लोकतान्त्रिक अभ्यासको यथार्थका लागि जनताको शक्तिलाई, राष्ट्रिय निर्णायक शक्ति बनाउन ११ औं महाधिवेशनले मार्गदर्शन गर्ने उहाँले बताउनु भयो । पार्टी केन्द्रीय कार्यालय ललितपुर च्यासलमा आयोजित विमोचन कार्यक्रममा अध्यक्ष ओलीले भन्नुभयो- 'यतिबेला हामीले सघन ढंगले आफ्ना क्रियाकलाप, आकांक्षाहरू, गतिविधिहरू अघि बढाएका छौं । नवयुगले झुठा सूचना संप्रेषण गर्दैन् । कुनै पनि कुरा आग्रह, पूर्वाग्रही ढंगले त्यस नियतका साथ कुनै प्रकारको सूचना भ्रम सृजना गर्नु हुँदैन । यो निष्ठापूर्ण र सत्यसँग कतै अंशमा पनि मिलेन भने सतप्रतिशत सत्यमा उभिने काम गर्छ । यो काम सजिलो छैन । यो एमालेको मुखपत्र हो । यसका उद्देश्य र अरूका उद्देश्यमा फरक छन् । देशको राष्ट्रियता, स्वाधिनता, भौगोलिक अखण्डताको पहरेदार हो । राष्ट्रिय स्वाभिमानको झण्डा माथि उठाउने एमालेको । यसका लागि नवयुगले निरन्तर काम गर्छ ।'

विमोचन समरोहमा नेकपा (एमाले) महासचिव शंकर पोखरेलले ११ औं महाधिवेशन प्रतिगमन विरूद्ध जन संघर्षको उच्च रूपमा लिन खोजेको बताउनु भयो । 'रणनीतिक विकास गर्दै यो मुलुकलाई लोककल्याणकारी बनाउनका लागि आम जनसमुदायलाई आव्हान गर्न चाहान्छु । यतिबेला केपी शर्मा ओलीमाथि चौतर्फी घेराबन्दी छ । यो व्यक्तिमाथि आक्रमण होइन ' महासचिव पोखरेलले भन्नुभयो ' यो एमालेमाथि र नेपाल राष्ट्रलाई कमजोर बनाउनका लागि गरिएको आक्रमण हो ।'




महासचिव पोखरेलले अध्यक्ष ओलीलाई स्थापित गर्न मात्र होइन । मुलुकको रक्षा गर्नका लागि उहाँको आवश्यकता रहेको बताउनुभयो । पोखरेलले नेपालको राजनीति एमाले र अध्यक्ष केपी ओली वरीपरी घुमिरहेको बताउनुभयो ।


११ औं महाधिवेशन प्रचार कमिटी संयोजक तथा पार्टी सचिव पद्मा अर्यालले नवयुग ई-बुलेटिनको विमोचन समारोहको अध्यक्षता गर्नु भएको थियो । '११ औं महाधिवेशनको अबसरमा नवयुग देशभित्र मात्रै नभई पार्टीको विचारलाई विश्वव्यापी रूपमा स्थापित गर्नका लागि मार्गदर्शन बन्ने छ । पार्टीका शुभचिन्तक, कार्यकर्ताहरूलाई पार्टीको धारणा, विचारलाई स्थापित गर्ने महत्वपूर्ण भूमिका रहनेछ । हाम्रो राष्ट्रिय अभिभारा पुरा गर्ने गरी नेतृत्व चयन केपी शर्मा ओलीको नेतृत्वमा सर्वसम्मति अपेक्षा गर्दछौं', सचिव अर्यालले भन्नुभयो । विमोचन समारोहको संञ्चालन प्रचार कमिटीका सचिव राजेन्द्र गौतमले गर्नु भएको थियो ।



## अध्यक्ष ओलीमाथिको घेराबन्दी, राष्ट्रियतामाथिको आक्रमण : महासचिव पोखरेल

# कमरेड पुष्पलाल : जीवन, संघर्ष र योगदान

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल दूरदर्शिता, त्याग र इमानका प्रतीकका रूपमा नेपालको राजनीतिक अद्वितीय स्थान बनाउन सफल हुनुहुन्छ । सन् १९४९ अप्रिल २२ का दिन भारतको कलकत्तास्थित श्यामबजारमा आफ्ना सहकर्मीहरू निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलाश जोशी र मोतीदेवी श्रेष्ठलाई साथमा लिएर कमरेड पुष्पलालले स्थापना गर्नुभएको नेपाल कम्युनिस्ट पार्टीकै निरन्तरताका रूपमा आज हामी नेता-कार्यकर्ताहरू देशभर छौँ । नेपालमा कम्युनिस्ट विचारधारा भित्र्याउने, त्यसलाई संगठनका माध्यमबाट जनतामा लैजाने र परिवर्तन सम्भव छ भन्दै साहसका साथ शून्यबाट काम सुरू गर्ने नेता भएकै कारण पुष्पलाल आजपर्यन्त हामी सबैका लागि आदर्श र प्रेरणाका स्रोतका रूपमा रहिरहनुभएको छ ।



विक्रम सम्वत् १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मेर २०३५ साउन ७ गते भारतको नयाँदिल्लीस्थित गोविन्दबल्लभ पन्त अस्पतालमा निधन हुँदासम्मको ५४ बर्ष लामो यात्रामा पुष्पलालले आफ्नो जीवनकालमा गर्नुभएको कठोर संघर्ष, निष्ठापूर्ण राजनीति र इमानदार प्रयास आजको मजबुत कम्युनिस्ट आन्दोलनको आधारशीलाका रूपमा रहेको छ । कम्युनिस्ट पार्टीको संस्थापक महासचिवलाई पहिलो महाधिवेशन गर्न नदिएरै बीचैबाट हटाइँदा, महाधिवेशनबाट निर्वाचित भएकाहरू २०१७ पुस १ गतेको शाही कूलाई समर्थन गर्दै विचलित हुँदा र आफ्ना कैयौँ सहयोद्धाहरूले सैद्धान्तिक र संगठनात्मक मतभेद देखाउँदै आफूलाई छाडेर अलगिँदा समेत पुष्पलाल विचलित हुनुभएन । तीन 'स' अर्थात् सिद्धान्त, संगठन र संघर्षको नीतिलाई अवलम्बन गर्दै कम्युनिस्ट पार्टीको झण्डालाई माथि उठाउन पुष्पलालले आफ्नो जीवन समर्पित गरेकै कारण आज हामी सबै उहाँका कार्यकर्ता भन्न पाएकोमा गौरव गर्दछौँ ।

कम्युनिस्ट घोषणापत्रलाई नेपालीमा अनुवाद गरेर कम्युनिस्ट विचारधारासँग नेपालीहरूको परिचय गराउनुका साथै नेपाल कम्युनिस्ट पार्टी स्थापना गरेर त्यसमा गोलबन्ध गर्ने अगुवाका रूपमा पुष्पलालको स्थान इतिहासमा सुरक्षित छ । त्यति मात्र होइन, नेपाली समाजको पारलौकिक, धार्मिक वा रूढीवादी होइन, द्वन्द्वात्मक भौतिकवादी अध्ययन-विश्लेषण गर्ने र यसलाई परिवर्तन गर्ने सन्दर्भमा पुष्पलालका योगदानहरू अविस्मरणीय छन् । सांस्कृतिक रूपान्तरणबिना कम्युनिस्ट पार्टीले आमूल परिवर्तन गर्न सक्दैन भन्ने मान्यताका आधारमा उहाँले राजनीतिक क्षेत्रका साथै सांस्कृतिक कामलाई पनि उत्तिकै जोड दिएको पाइन्छ । कविवर युद्धप्रसाद मिश्रका साथै मदन भण्डारी, मोदनाथ प्रश्रित, जीवराज आश्रित जस्ता नेताहरू पुष्पलालले निर्माण गर्नुभएको सांस्कृतिक मोर्चासँग आवद्ध हुनुबाट पनि यसको महत्व देखिन्छ ।

एकदलीय, निरंकुश र हुकुमी पञ्चायती व्यवस्थालाई फाल्नका लागि कम्युनिस्ट र कांग्रेसबीच संयुक्त मोर्चा बनाउनुपर्छ भन्दा अनेक आरोप खेप्नुपरे पनि कमरेड पुष्पलाल आफ्नो नीतिलाई कहिल्यै छाड्नुभएन । प्रमुख अन्तरविरोधको सही किटान र त्यसका विरूद्धमा सहायक अन्तरविरोधहरूलाई थाँती राखेर मोर्चा बनाउँदा मात्रै पञ्चायतलाई फाल्न सकिन्छ भन्ने दूरदृष्टिकै आलोकमा २०४६ सालको संयुक्त जनआन्दोलन अघि बढेका कारण बहुलीय प्रजातन्त्र स्थापना सम्भव भएको थियो । नेताका रूपमा स्थापित हुन उसले कुनै पद-प्रतिष्ठा पायो वा पाएन भन्ने आधारमा होइन, उसले अघि सारेका नीतिहरूले सफलता पाए वा पाएनन् भन्ने आधारमा मूल्यांकन गर्नुपर्छ भन्ने उदाहरण कमरेड पुष्पलाल हुनुहुन्छ ।

## इतिहास

सही राजनीतिलाई अघि बढाउन सही विचारधारा हुनुपर्छ भन्नेमा दुईमत छैन । त्यसका लागि पर्याप्त मात्रामा अध्ययन, चिन्तन र विश्लेषण आवश्यक पर्दछ । कमरेड पुष्पलाल स्वयम्मा दर्शन, साहित्य, इतिहास, विदेश सम्बन्ध, संस्कृति जस्ता विषयका गहन अध्येता हुनुहुन्थ्यो भन्ने कुरा उहाँका संकलित रचनाहरू अध्ययन गर्दा थाहा हुन्छ । इतिहासको गहिरो अध्ययन गर्दै नेपालको मौलिकता र विशेषता अनुरूप कम्युनिस्ट पार्टी अघि बढ्नुपर्छ भन्ने कुरामा कमरेड पुष्पलालले राजनीतिक दस्तावेजहरूका साथै आफ्ना रचनाहरूमा पनि महत्वका साथ उल्लेख गर्नुभएको छ । यतिसम्म कि, त्यस कठोर संघर्षकालमा समेत क्रान्तिपछि कम्युनिस्ट पार्टी सत्तामा गएपछि केके र कसरी काम गर्नुपर्छ भन्नेसम्मका विषयहरू पुष्पलालले सोचविचारका साथ उठाउनुभएको पाइन्छ ।

कठोर राजनीतिक व्यवस्थाका कारण देशभित्रै बसेर राजनीतिक गर्न असम्भव भएर भारत निर्वासित हुनुपरे पनि त्यसका प्रभावहरू पुष्पलालको जीवन र लेखनमा कहीँकतै परेको भेटिँदैन । 'लाखौँलाख झुपडीहरूको एकता नै नेपालको राष्ट्रियता हो' भन्दै आफ्नो देशलाई बलियो बनाउन शासक होइन, जनता सचेत हुनुपर्छ भन्ने मान्यतालाई पुष्पलाले अघि बढाउनुभएको थियो । कम्युनिस्टहरू साँचो अर्थमा नेपालको राष्ट्रियताको पहरेदार हुन् भन्ने कुराको मानक पुष्पलालले नै स्थापना गर्नुभएको थियो । दिल्ली सम्झौताको विरोधदेखि नेपालमाथि हुने हरेक थिचोमिचोको अग्रपंक्तिमा रहेर विरोध गर्ने कामको अगुवाइ पुष्पलालले गर्नुभएको थियो ।

नेपालको कम्युनिस्ट आन्दोलन कमरेड पुष्पलाल जस्ता आदर्श नेताहरूको वैचारिक नेतृत्व, इमान र संघर्षको जगमा उभिएको छ । आउनुहोस्, हामी प्रत्येकले आफ्नो तर्फबाट यसमा एक-एक इँटा थपौँ । यही नै कमरेड पुष्पलालगायत हाम्रा सबै अग्रजहरूप्रतिको सम्मान हुनेछ ।

**कम्युनिस्ट घोषणापत्रलाई नेपालीमा अनुवाद गरेर कम्युनिस्ट विचारधारासँग नेपालीहरुको परिचय गराउनुका साथै नेपाल कम्युनिस्ट पार्टी स्थापना गरेर त्यसमा गोलबन्ध गर्ने अगुवाका रुपमा पुष्पलालको स्थान इतिहासमा सुरक्षित छ।**



नेकपाको दोस्रो महाधिवेशन (वि.सं. २०१४) को उद्घाटन सत्रमा मन्तव्य राख्दैहुँदै कमरेड पुष्पलाल




# 'मुलुकको चुनौति सामना गरेर परसम्म देख्न सक्ने ओली बाहेक अर्को नेता एमालेमा छैन'

**भानुभक्त ढकाल**
संयोजक, स्वयंसेवक परिचालन कमिटी
एवं जनसङ्गठन संयन्त्रका प्रमुख

● नेकपा (एमाले)को ११ औं महाधिवेशनलाई सु-व्यवस्थित गर्न स्वयंसेवकको व्यवस्थापन र परिचालन कसरी गर्दै हुनुहुन्छ ?

११ औं राष्ट्रिय महाधिवेशनको निम्ति भव्य जनसभाको आयोजना गर्ने र त्यसलाई प्रभावकारी बनाउने पार्टीको योजना छ । उद्घाटन सत्र तथा बन्द सत्रको स्वयंसेवक व्यवस्थापनकोको जिम्मेवारी पार्टीले मलाई संयोजकत्व गर्न जिम्मेवारी दिएको छ । पार्टीको दोस्रो विधान अधिवेशनमा पनि स्वयंसेवकको जिम्मेवारी मैले प्राप्त गरेको थिएँ । विगतका स्वयंसेवकहरूको जिम्मेवारी भन्दा थप व्यवस्थित भएको निष्कर्षका साथ मलाई यो जिम्मेवारी पुनः अहिले दिइएको छ । अहिले स्वयंसेवकको नामावलीहरु तयार गरेका छौं । बन्द सत्रको निम्ति करिब ५०० स्वयंसेवकहरूको व्यवस्थापन गर्नेछौं भने खुल्ला सत्रको निम्ति स्वयंसेवकहरूको संख्या १० हजार भन्दा बढि स्वयंसेवकहरु परिचालन गरिने छ । पार्टीको विभिन्न २४ वटा जनसङ्गठन र अन्य कमिटीबाट गरी सहजै ती संख्यामा स्वयंसेवकको व्यवस्थापन गर्नेछौं । दशौं राष्ट्रिय महाधिवेशनयतो जनसङ्गठनहरूलाई धेरै व्यवस्थित गरेका छौ । जसका कारण यो काम गर्न थप सहज हुनेछ ।

> पुस्तान्तरण, रूपान्तरण भनेको पनि देखियो । माग राख्नुभयो साथीहरूले । अहिले म भिडियो कतिपय ठाउँबाट अध्यक्ष हुन्छु कि जस्तो गर्ने कतिपय नेताहरू देखिराखेको छु । हिजो ७० वर्ष दुई कार्यकाल लगाएर भए पनि केपी ओलीलाई हटाऔं । त्यसका नाममा हामी त चलाउन सक्दैनौं, अर्कालाई ल्याएर चलाऔं भनेर नेतृत्वको लागि हायर गर्न पनि साथीहरू जानुभयो । अब त्यो भएन भनेपछि आफ्नै मान्यताका विरूद्ध अब उभिनुपर्ने बाध्यतामा साथीहरू पुग्नुभएको छ ।

● अहिले राष्ट्रिय स्वयंसेवक फोर्स (नेसनल भोलेन्टियर फोर्स) जुन छ, यो यहाँहरूले गठन गर्नुभयो, घोषणा गर्नुभयो, जनसंगठनको रूपमा यसलाई अगाडि ल्याउनुभयो । पार्टीभित्र पनि यसबारे विभिन्न धारणा आइरहेका छन् । यसको आवश्यकता र महत्व के हो ?

यो विषयलाई बुझ्ने सवालमा एमालेभित्र दुई खालका मनोविज्ञान छन् । एउटा काम काट्ने खालको मनोविज्ञान छ, जो पार्टीको नीति, निर्णय, त्यसलाई कार्यान्वयन गर्नुपर्छ, काम गर्नुपर्छ भन्ने मनोविज्ञान छ । अर्को कुरा काट्नुपर्छ भन्ने मनोविज्ञान छ । तिनीहरु नै निर्णय गर्ने ठाउँमा छन्, निर्णय गर्छन् तर आफूले गरेको निर्णय हामीले यो गर्यौं भनेर बोल्दैनन् । सायद बैठक पछि बैठकमा मात्रै तिनीहरु पार्टी कार्यालय देख्छन् । तिनीहरूको काम भनेको बाहिर कुरा काट्ने हो । जहाँसम्म स्वयंसेवक यो फोर्स बनाउने कुरा छ, हाम्रो पार्टीको अध्यक्षले केन्द्रीय कमिटीमा प्रस्तुत गर्नुभएको प्रतिवेदनमा पनि स्वयंसेवक दस्ता बनाउने कुरालाई अगाडि सार्नुभएको छ । नीतिगत रूपमा यो निर्णय भएको छ । गत कात्तिक १५ गते बसेको सचिवालयको बैठकले यो स्वयंसेवक दस्ता अहिले सुरक्षा, समृद्धिको निम्ति, राष्ट्रका निम्ति, सुरक्षा निकायको यति धेरै मनोबल गिरेको छ, त्यसलाई मनोबल वृद्धि गर्नका लागि पनि बनाउनुपर्छ भन्ने कुरा गरेको हो । हामीले १६ गते कार्यदल बनाएर मङ्सिर ५ गते यो संस्थाको निर्माण गरेका छौं । अब निर्णय गर्नेहरूलाई नै थाहा हुँदैन, हाम्रो बिडम्बना यही नै हो । १९ जनाको हाम्रो पदाधिकारी छ, पदाधिकारीमा निर्णय गर्न उहाँहरु बस्नुहुन्छ, अनि बाहिर आएर अन्तर्वार्ता दिने कुरा र यो सामाजिक सञ्जालहरूमा पार्टीले गरेको संस्थागत निर्णयको बारेमा भर्त्सना गर्ने नै उहाँहरूको पार्टी काम हो । हामी निर्णय गर्ने ठाउँमा छैनौं तर पार्टीको निर्णय बोक्ने र कार्यान्वयन गर्ने ठाउँमा छौं । त्यसले गर्दा यो पार्टीको सोच विचार र यो संस्थागत




निर्णयकै आधारमा यो संस्थाको जन्म भयो ।

**• एमालेको जनसंगठन, खासगरी दशौं राष्ट्रिय महाधिवेशन पछाडि तपाईंलाई जनसंगठन संयन्त्रको संयोजक, इन्चार्जको जिम्मेवारी दिइसके पछि धेरै जनसंगठनहरुको महाधिवेशन, अधिवेशन, नियमित गतिविधिहरु बढेको देखिन्छ । यसमा कसरी यो सफलता हासिल गर्नुभयो ? र कतिपय संगठनमा फेरि विवाद पनि छन् । त्यसमा तपाईंको नेतृत्वदायी भूमिका माथि पनि एकाध टिप्पणीहरु पनि आएका छन् पार्टी पंक्तिभित्रैबाट, यसमा के भन्नुहुन्छ ?**

दशौं राष्ट्रिय महाधिवेशन पछि यो जनसंगठनको कामको जिम्मेवारी मैले प्राप्त गरें। त्योभन्दा अगाडि पदाधिकारी कमरेडहरूले नै यसको नेतृत्व गर्नुभएको थियो । विभिन्न व्यक्तिहरु छन् अब त्यो सम्झना सबैलाई छँदै छ । पदाधिकारीहरूले नेतृत्व गरेर काम गर्दा हाम्रो यो जनसंगठनहरुका सम्मेलन १३-१३ वर्षसम्म सम्मेलन नभएका संगठनहरु पनि थिए । अधिवेशन नै नगरी नेतृत्वको पुर्नगठन गर्ने र त्यसलाई लोकतान्त्रिक विधि भनेर नथाक्ने नेताहरु पनि हाम्रा पार्टी हुनुहुन्थ्यो । करिब मैले जतिखेर जिम्मा लिएको थिएँ, त्यतिखेर १५ सय सम्मका केन्द्रीय कमिटी सङ्गठन पनि थिए । कुनै लेखाजोखा पनि थिएन । तर त्यसलाई हामीले एउटा प्रणालीमा ल्यायौं । पहिले हामीले के गर्‍यौं भन्दा केन्द्रीय कमिटीको संख्या ठूलो जनाधार भएकाहरूलाई २०० सम्म बनाउन पाउने, अलि साना जनाधार भएकालाई १५१ को केन्द्रीय कमिटी भन्यौं । पदाधिकारीहरु १७ जना भन्यौं । अहिले त्यसलाई हामीले अझ परिष्कृत गरेर अहिले नौ पदाधिकारीमा झारेका छौं । दोस्रो, दशौं राष्ट्रिय महाधिवेशन पछि २३ वटै जनवर्गीय संगठनका सम्मेलनहरु हामीले एउटा निश्चित अवधिमा सक्यौं र विधानतः दुई वर्ष अवधि पुगेका १६ वटा जनसंगठनहरूको फेरि दोहोर्‍याएर गएको जेठ मसान्तसम्ममा हामीले १६ वटाको सम्मेलन सम्पन्न गर्‍यौं । अब ७ वटा, अहिले यो नयाँ नेशनल भोलेन्टियर फोर्स गठन भएको छ । राष्ट्रिय भेलाबाट, यसो गर्दा ८ वटाको सम्मेलन हुन बाँकी छ । यो तीन वर्षे कार्यकाल भएका जनसंगठनहरूको सम्मेलन हुन बाँकी रहेको छ, दुई वर्षको अवधिमा हुने संगठनहरूको प्रायः हामीले सम्मेलन सक्यौं । यसका लागि हामीले जनसंगठनहरूको कार्यशाला निर्माण गर्‍यौं र कार्यशालाबाट भन्यौं हामीले, जनसंगठनको नेतृत्व स्थापित गर्ने र संगठनलाई आफ्नो जनसमुदाय प्रति जवाफदेही दिनका निम्ति, त्यो समुदायका एजेन्डाको नेतृत्व जनसंगठनहरूले गर्नुपर्छ भनेर त्यो मुद्दालाई उठायौं । भलै त्यसमा कति कार्यान्वयन गर्न सकियो, कति कार्यान्वयन हुन बाँकी छ त्यो आफ्नो ठाउँमा छ, नम्बर एक ।

दोस्रो, जहिले पार्टी र जनसंगठनहरूबीचको अन्तरविरोधपूर्ण एउटा सम्बन्ध चाहिँ रहिरह्यो । तर हामीले पार्टी र जनसंगठनहरूबीचका सम्बन्धहरु कसरी व्यवस्थित गर्ने भनेर

> **संसद विघटन गरिएको छ । लोकतान्त्रिक मूल्य मान्यताहरूमाथि खुला चुनौती दिइएको अवस्था छ । षड्यन्त्रमूलक ढंगले अगाडि बढिएको छ । यो षड्यन्त्रको पहिचान नै गर्न नसक्ने लिडरसिप भयो भनेदेखि मुलुकलाई त्यसले के दिशा निर्देश दिन्छ भन्दा अहिले मुलुकमा एउटा त्यस्तो नेताको खाँचो छ, जो दृष्टिकोणको हिसाबले परसम्म देख्न सकोस् चुनौतीहरूको सामना गर्न सक्ने इच्छाशक्ति र दृढता भएको होस् ।**

राष्ट्रिय कार्यशाला भेलाहरु गरेर निष्कर्ष निकाल्यौं, बुक्लेट निकाल्यौं । र अहिले एमालेमा सैद्धान्तिक रूपमा भन्नुहुन्छ भने र व्यावहारिक रूपमा पनि भन्नुहुन्छ भने, एमालेका जनसंगठन र पार्टी बीचको अन्तर्विरोध कहीं पनि त्यस्तो खटपटपूर्ण छैन।

तेस्रो, अहिलेसम्म नेपालको महिला आन्दोलन, यसले प्राप्त गरेका उपलब्धिहरूलाई अझ हाइलाइट गरौं र अहिलेको यो वर्तमान सन्दर्भलाई लिएर अहिलेका मुद्दाहरु के हुन् भनेर जनसंगठन समन्वय संयन्त्रको आयोजनामा हामीले राष्ट्रिय महिला भेलाको आयोजना गर्‍यौं । र त्यो राष्ट्रिय महिला भेलामा हामीले संविधान सभाबाट, संविधान सभाको मार्फत र अन्तरिम संविधान निर्माण हुँदादेखि नै महिलाका हक अधिकारका कुराहरूको नेतृत्व गर्ने कुरा पनि एमालेको नेतृत्वमा नै यी कुराहरु भएका हुन् भन्ने कुरालाई हामीले समावेशीमा एक तिहाइको कुरा, अंश र वंशमा महिलाका अधिकारका कुरा र विभेदकारी कानुनको अन्त्य गर्ने कुराको समूल अन्त्य गर्ने कुरा भयो भनेर हामीले त्यसलाई राष्ट्रिय भेला मार्फत् गर्‍यौं । त्यतिको राष्ट्रिय भेला मलाई लाग्छ अहिलेसम्म भएका थिएनन् ।

**• एमालेको ११ औं राष्ट्रिय महाधिवेशनमा फेरि पनि वर्तमान अध्यक्ष केपी शर्मा ओली अध्यक्ष हुने लगभग सहज र सुरक्षित देखिन्छ । प्रतिनिधिहरूको चयनको आँकलन र राष्ट्रिय राजनीतिको अवस्थाबाट हेर्दा । यहाँहरूले पनि त्यही नै वकालत गरिरहनु भएकोछ । स्पष्ट रूपमा भन्दिनुस् कि फेरि पनि एमालेको अध्यक्षमा ओली नै किन ?**

पहिलो कुरो के बुझ्नु पर्‍यो भने यो संकटको बेला, अहिले एमालेप्रति चौतर्फी घेराबन्दी छ । मुलुकलाई असफल बनाउनका निम्ति, संविधान च्यात्नको निम्ति, मुलुकमा असंवैधानिक सरकार बनाइएको छ । संसद विघटन गरिएको छ । लोकतान्त्रिक मूल्य मान्यताहरूमाथि खुला चुनौती दिइएको अवस्था छ । षड्यन्त्रमूलक ढंगले अगाडि बढिएको छ । यो षड्यन्त्रको पहिचान नै गर्न नसक्ने लिडरसिप भयो भनेदेखि मुलुकलाई त्यसले के दिशा निर्देश दिन्छ भन्दा अहिले मुलुकमा एउटा त्यस्तो नेताको खाँचो छ, जो दृष्टिकोणको हिसाबले परसम्म देख्न सकोस् चुनौतीहरूको सामना गर्न सक्ने इच्छाशक्ति र दृढता भएको होस् । उपयुक्त समयमा उपयुक्त निर्णय गर्न सकोस् र त्यो निर्णयलाई कार्यान्वयन गर्नको निम्ति अहोरात्र खट्न पनि सकोस् । र त्यसलाई पार्टीभित्रका आम एमाले शुभचिन्तक, समर्थक र एमालेको हिमायती चाहने एमालेजनहरु र एमाले भन्दा बाहिर समाजमा रहेका तहतप्काहरूले पनि यो चाहिँ लिडरले गर्छ भन्ने कुरा त्योप्रतिको विश्वास होस् । छिमेकी र अन्तर्राष्ट्रिय मित्रहरूले पनि राष्ट्रिय राजनीतिभित्र नेता को हो भने फलानो हो भनेर त्यसलाई स्वीकार्ने खालको स्थितिको लिडरसिप अहिलेको आवश्यकता हो । त्यो भनेको अनुभवी, खारिएको, माझिएको, इच्छाशक्ति भएको, अडान भएको र संकल्प, सपनाहरूलाई पनि जागृत गरेर त्यसको नेतृत्व गर्न सक्ने मान्छे एमालेमा मात्र हैन, मुलुकमै केपी ओली भन्दा अर्के को छ त अहिले ? रहर त महाधिवेशन लागेपछि त्यो ताज लाउन पाए हुन्थ्यो भन्ने त जोकोहीलाई लाग्ला, तर व्यक्तिलाई लाग्ने कुरा होइन नि ? त्यो गर्न सक् छ भन्ने कुराको विश्वास चाहिँ कसले जागृत गराएको छ भन्दा त्यो केपी ओलीले मात्रै गर्नुभाछ । त्यस कारण उहाँ अपरिहार्य हो ।

**• पुस्तान्तरण र रूपान्तरण चाहिँ कहिले गर्ने त भन्ने प्रश्न पनि उत्तिकै छ नि ?**

पुस्तान्तरण, रूपान्तरण भनेको पनि देखियो । माग राख्नुभयो साथीहरूले । अहिले म भिडियो कतिपय ठाउँबाट अध्यक्ष हुन्छु कि जस्तो गर्ने कतिपय नेताहरु देखिराखेको छु । हिजो ७० वर्ष दुई कार्यकाल लगाएर भए पनि केपी ओलीलाई हटाऔं । त्यसका नाममा हामी त चलाउन सक्दैनौं, अर्कालाई ल्याएर चलाऔं भनेर नेतृत्वको लागि हायर गर्ने पनि साथीहरु जानुभयो । अब त्यो भएन भनेपछि आफ्नै मान्यताका विरुद्ध अब उभिनुपर्ने बाध्यतामा साथीहरु पुग्नुभएको छ । लोकतन्त्रमा रहर गर्न पाइन्छ, प्रतिस्पर्धा गर्न पनि पाइन्छ ।

**• महाधिवेशनमा तपाईंको इच्छा र उम्मेदवारीको स्थिति के हो नि ?**

अब यसमा यति भनौं, अब मूलतः नेतृत्वमा कसरी जाने भन्ने कुरो यो राजनीति भनेको टिमवर्क हो । एक्लै म के गर्छु, यो गर्छु भन्दा पनि टिमवर्कको माध्यमबाट जाने हो । र मूल नेतृत्वको सोचलाई नै आधार मानेर हामीले अगाडि बढ्नुपर्ने हुन्छ । त्यसले गर्दा व्यक्तिगत हिसाबमा मैले यो उठ्छु, त्यो उठ्छु भन्ने खालको सोचाइँ अहिले नै सार्वजनिक गरेको छैन । तर यति प्रश्न आइसकेपछि म यति तपाईंलाई भन्न सक्छु, अध्यक्षमा दाबी गर्ने अवस्था रहेन किनभने केपी ओली हुँदाहुँदै त्यो परेन । सामान्यतया उपाध्यक्ष मर्यादाको पद हो भन्ने छ, त्यसमा मेरो इच्छा छैन । त्यो भन्दा बाँकीका पदहरूमा नेतृत्वले विश्वास गर्‍यो र कार्यकर्ताले चुने भने योग्यताको हिसाबले जुन पद पनि चलाउन सक्छु भन्ने आत्मविश्वास छ । तर पदकै लागि म जन्मिएको हुँ भनेर त्यसका निम्ति मरिहत्ते गर्नुपर्छ भन्ने सोच पनि राख्दिनँ ।

(विस्तृत अन्तर्वार्ताका लागि : https://www.facebook.com/reel/614509735059239_



११ औं महाधिवेशनको तयारीले

# ओलीकै नेतृत्वमा एमाले र देश अघि बढ्ने सन्देश दिइसकेको छ


**राजेन्द्र गौतम**

केन्द्रीय प्रचार तथा प्रकाशन
विभाग प्रमुख एवं स्थायी समिति सदस्य


**• नेकपा (एमाले)को ११ औं राष्ट्रिय महाधिवेशनको तयारी अहिलेसम्म कहाँ पुग्यो ?**

प्रतिशतकै हिसाबले भन्नुपर्दा अहिलेसम्म करिव ८५ प्रतिशत तयारी पूरा भएको छ । गत दोस्रो विधान महाधिवेशनमा पार्टीका नीतिगत दस्तावेजहरू पारित भइसकेकाले यो ११ औं महाधिवेशन मूलतः नेतृत्व चयनको महाधिवेशन हुनेछ । मुख्य आकर्षण विशाल जनसहभागितासहित उद्घाटन सत्रलाई महत्व दिएका छौँ । भक्तपुर तीनकुने सल्लाघारीस्थित खुल्ला मैदान, जसको क्षेत्रफल १०८ छ । त्यहीँ ठाउँमा ११ औं महाधिवेशनको भव्य उद्घाटन हुनेछ ।

महाधिवेशनमा प्रस्तुत गर्ने एउटा महत्वपूर्ण लोगो सार्वजनिक भइसकेको छ । सार्वजनिक गरिएको ११ औं महाधिवेशनको लोगोमा तीन-चार वटा कुराहरूको सन्देश दिने गरी महत्वका साथ उठाएका छौँ । जसले राष्ट्रिय एकताको निम्ति सम्पूर्ण नागरिकहरूलाई अपील गर्दछ । त्यसले सबैलाई एक ठाउँमा आउन अपील गरेको छ । जस्तो राष्ट्रिय एकताको प्रतीकको रूपमा राष्ट्रिय झण्डा त्यहाँ रहनेछ । त्यससँगै पार्टीको लोगो रहनेछ । यो ११ औं महाधिवेशन भएको हुनाले अंक ११ को १ र अर्को १ चाहिँ क्षतिग्रस्त भएको धरहरालाई पुनर्निर्माणको प्रक्रियामा हामीले अगाडि बढाएको एउटा सिम्बोलको रूपमा पुनर्निर्माणको पनि अगुवा नेतृत्वकर्ता एमाले हो भन्ने देखाएका छौँ । यसमा रञ्जना लिपि यो हाम्रो सभ्यता हो, न्यातपोल दरबार र शान्तिको प्रतिक समावेश गरिएको छ ।

अर्को कुरा, हामीले महाधिवेशनमा बागमती, मधेस र गण्डकी प्रदेशबाट न्यूनतम् ३ लाख बढी जनसागर उतारेर नेकपा (एमाले) जनतासँग छ र जनताको साथी हो भन्ने कुरा स्थापित गर्न चाहेका छौँ ।

**• तपाईंले महाधिवेशनको लोगो (प्रतिक चिन्ह) को चर्चा गर्नुभयो । काठमाडौं उपत्यकामा एमालेको विरासत पनि रहेको छ । चुनावका परिणाम त हेरफेर भइरहेका छन् । यहाँको नेवाः संस्कृति र ऐतिहासिकतालाई तपाईँहरूले महत्व दिन खोज्नुभएको हो ?**

काठमाडौँ उपत्यकामा महाधिवेशन हुने हुनाले बडो विचार पूर्वक र गम्भीरतापूर्वक त्यसमा ध्यान दिएका छौँ । उपत्यका एउटा सांस्कृतिक हिसाबले निकै महत्वको अथवा एउटा रिसोर्सको धरोहरका रूपमा स्थापित छ । यही उपत्यकामा ११ औं महाधिवेशन उद्घाटन गर्दैछौं । सल्लाघारीको शिरमा चाँगुनारायण मन्दिर, त्यसको ठीक पूर्वी साइडमा न्यातपोल छ । र अन्य धेरै सांस्कृतिक धरोहरको रूपमा या धार्मिक धरोहरको रूपमा आस्थाका, विश्वासका धरोहरको रूपमा विभिन्न मठ मन्दिरहरूले सजिसजाउ छ उपत्यका । यो सांस्कृतिक विविधताको रिसोर्सलाई अपिलिङ गर्नु पऱ्यो भन्ने मुख्य सन्देश हो ।

दोस्रो अपिल के दिन चाहाइएको छ भने, आज हाम्रो देशको राष्ट्रियता, राष्ट्रिय एकता र सिंगो राष्ट्र गम्भीर संकटमा


> बृहत्तर एकता हामीले हेर्नुपर्छ । त्यो कसको नेतृत्वमा सम्भव छ भन्दाखेरी केपी ओलीको नेतृत्वमा मात्रै सम्भव देखिन्छ । अरूलाई पनि मान्ने हुने, पार्टीभित्र पनि स्वीकार्यता, बढी स्वीकार्यता हुने कुरा हुन्छ । अब सर्वस्वीकार्यता भन्न मिलेन किनभने अर्के पनि उम्मेदवारी घोषणा भइसकेको हुनाले अहिलेसम्म हेर्दा सर्वस्वीकार्यता भएन । तर एउटा ठूलो अपेक्षा र समर्थन अध्यक्ष ओलीको नेतृत्व वरिपरी नै छ ।


परेको छ । तसर्थ नेकपा (एमाले) राष्ट्रिय झण्डालाई त्यहाँ राखेर सिंगो यस देशको राष्ट्र, राष्ट्रिय एकता, देशको सार्वभौमसत्ता र राष्ट्रियताको रक्षा गर्ने पार्टी नेकपा (एमाले) हो । त्यो सधैं नेसनल युनिटीको सिम्बोल रहेको राष्ट्रिय झण्डालाई आत्मसाथ गरेर त्यसलाई शिरमा राखेर हिँड्ने पार्टी हो । यो राष्ट्रवादी पार्टी हो भन्ने विषयको अर्को सिम्बोल दिन खोजिएको छ ।

तेस्रो तपाईंले अघि नै भनिहाल्नु भयो कि पुनर्निर्माणको एउटा महत्वपूर्ण धरोहर के हो भन्दा धरहरा हो । जो त्यसको पूर्व अवस्था के थियो ? कसरी हामी पुननिर्माण गऱ्यौं ? यसमा पनि एमालेले, मुख्यगरी अध्यक्ष केपी शर्मा ओली प्रानमन्त्री भएको बेला यसलाई अगाडि उठाएको हुनाले यसलाई पनि हामीले सिम्बोलका रूपमा लोगोमा राखेका छौं ।

धराहरा पनि एउटा स्वाभिमान, आफ्नो पहिचान, अझ स्वाभिमान भन्दा पनि धरोहर हो । सिंगै देशको एउटा पहिचानको रूपमा, धरहरा छ त हामी छौँ । धरहरा सबल छ त हामी छौँ भन्ने खालको पहिचानको मानक हो । हामीले यही सन्देशलाई उठाउन खोजिएको हो । त्यो सँगसँगै चाहिँ पोलिटिकल कन्टेन्टको हिसाबले महाधिवेशनको मूल नारा ` निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्पः समृद्ध नेपाल र सुखी, नेपाली राष्ट्रिय गन्तव्य' तय गरी मूल लोगोमा राखिएको हो ।

**• अब एमाले निर्णायक शक्ति बन्ने एउटा उद्देश्य राखेर अगाडि बढ्दै गर्दा नेतृत्वमा एकता पनि महत्वपूर्ण विषय बन्छ होला। अब नेतृत्वका सवालमा अध्यक्ष केपी शर्मा ओलीको विकल्प छैन जस्तो लाग्छ । के यसमा सर्वसहमति हुन्छ होला ?**


आज राष्ट्रिय राजनीतिमा जुनखालको संकट छ र त्यससँगै नेकपा (एमाले)प्रति चौतर्फी घेराबन्दी छ । एमाले मात्रै हैन सिंगो राष्ट्र **नै घेर**ाबन्दीमा छ । यस्तो बेला नेकपा (एमाले) जस्तो पार्टीले, उसको नेतृत्व त्यस्तो हुन जरूरी छ, जसले एमालेको घेराबन्दीलाई पनि तोडेर अगाडि जान सक्छ र सिंगो राष्ट्रको राष्ट्रिय एकतालाई अक्षुण्ण राखेर राष्ट्रियताको रक्षा गर्न सक्छ । नेतृत्वको आवश्यकतलाई हेर्दा पार्टी युनिटी त अपरिहार्य छ । बृहत्तर एकता हामीले हेर्नुपर्छ । त्यो कसको नेतृत्वमा सम्भव छ भन्दाखेरी केपी ओलीको नेतृत्वमा मात्रै सम्भव देखिन्छ । अरूलाई पनि मान्ने हुने, पार्टीभित्र पनि स्वीकार्यता, बढी स्वीकार्यता हुने कुरा हुन्छ । अब सर्वस्वीकार्यता भन्न मिलेन किनभने अर्के पनि उम्मेदवारी घोषणा भइसकेको हुनाले अहिलेसम्म हेर्दा सर्वस्वीकार्यता भएन । तर एउटा ठूलो अपेक्षा र समर्थन अध्यक्ष ओलीको नेतृत्व वरिपरी नै छ । राष्ट्रिय संकटलाई ध्यानमा राखेर नेतृत्वमा सहमतिको प्रयास अगाडि बढ्नेछ । पार्टीभित्र एकता भएन भने निर्णायक राष्ट्रिय शक्ति बन्ने हाम्रो लक्ष्यमा कठिनाइ हुन सक्छ । त्यसकारण अध्यक्ष ओलीको नेतृत्वमा सहमतिमा जाँदा सहज हुन्छ । भएन भने स्वभाविकरूपमा प्रतिस्पर्धा हुन्छ । जनताको बहुदलीय जनवादको मर्म र भावना पनि यही हो ।

**• यो महाधिवेशनमा तपाईँको व्यक्तिगत उम्मेदवारी चाहना चाहिँ के हो ?**

हामी एक तहमा छलफल पनि गरिसकेका छौँ । सहमति र प्रतिस्पर्धाको दुबै बाटोमा जाने भन्ने छ । यी चिजलाई हेरेर नेतृत्वले विवेक प्रयोग गरेर हेर्ने हो भने, मान्छेहरू अब सिनियरहरू आए योग्यताको आधारमा भन्यो भने जुनियरले स्वतः मान्छ । योग्यता पनि पुगेको छैन, मान्छेलाई तानेकै आधारमा मान्छे उछिनापाछिन हुन थाल्यो भने मान्छेले आपत्ति जनाउने हो । त्यसैले अहिले पार्टीमा मैले त खुल्ला अब नेतृत्वलाई पनि भन्दिया छु, दुइटा कुरा हामीले नगरौँ भन्या छौँ । एउटा 'डोजर प्रवृत्ति, अर्को क्रेन' प्रवृत्ति । यी दुईवटै प्रवृत्तिबाट जोगाउन सकियो भने पार्टी बन्छ । गति भएको पार्टी बन्छ । एउटा मोसन हुन्छ । पार्टी एउटा जीवन्त गतिशील बन्छ ।

(विस्तृत अन्तर्वार्ताका लागि https://www.facebook.com/reel/857755650525440)

# महाधिवेशनमा युवा संघले मात्रै ५० हजार भन्दा बढी युवा उतार्ने



काठमाडौं । नेकपा (एमाले)कोमहाधिवेशनमा युवा संघ नेपालले कम्तिमा ५० हजार युवा काठमाडौं उतार्ने घोषणा गरेको छ ।

युवा संघका अध्यक्ष क्षितिज थेँबेले दिएको जानकारी अनुसार मंसिर २७ गते हुने महाधिवेशनको उद्घाटन सभामा युवाहरूको उल्लेख्य सहभागिता बढाउन संघले विभिन्न वडा, जिल्ला, पालिका र प्रदेश कमिटीहरूलाई अनिवार्य रूपमा युवाहरूको सहभागिताका लागि उत्प्रेरक परिचालन गरिएको छ ।

थेँबेका अनुसार काठमाडौं र ललितपुरका ६१ वटा वडाबाट १ सयका दरले ६१ सय, उपत्यकाका अन्य १९ वटा पालिकाबाट १ हजारका दरले १९ हजार, उपत्यका बाहेक बागमतीका १० वटा जिल्लाबाट १५ सयका दरले १५ हजार जना युवाहरू जुटाउने युवा संघले अन्तिम तयारी गरेको छ । त्यसैगरी महाधिवेशनमा कोशी प्रदेशबाट ४ हजार, मधेसबाट ४ हजार, गण्डकी प्रदेशबाट ३ हजार लुम्बिनी प्रदेशबाट २ हजार, कर्णाली र सुदुरपश्चिम प्रदेशबाट ५ सयका दरले १ हजार जना युवा उद्घाटन सत्रमा जुटाउने युवा संघले जनाएको छ ।

संघका अध्यक्ष थेँबे भन्नुभयो- 'हामी टाउको गनेर नै ५० हजार युवा कार्यक्रम स्थलमा उताछौं । यसका लागि हाम्रो संगठनका सबै कमिटीहरू परिचालन गरिसकेका छौं ।' उद्घाटन सत्रमा पार्टीले ३ लाख बढि जनसागर उतार्ने घोषणा गरिसकेको छ ।

## शुभकामना

### एमालेको महाधिवेशनबाट निजी क्षेत्रले राजनीतिक स्थिरता र आर्थिक समृद्धिको अपेक्षा गरेको छ



• चन्द्र ढकाल

अध्यक्ष, उद्योग वाणिज्य महासंघ

काठमाडौं । नेकपा (एमाले)को ११ औं राष्ट्रिय महाधिवेशनको उपलक्ष्यमा उद्योग वाणिज्य महासंघ र व्यक्तिगत तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु । म यो महाधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । यस महाधिवेशनले राजनीतिक स्थिरता, आर्थिक समृद्धि र नेपालको आर्थिक गतिविधि बढाउन निजी क्षेत्रसँग सहकार्यका लागि मार्ग निर्देशन गर्नेछ भन्ने पनि मैले अपेक्षा लिएको छु ।

एमालेको यो ११ औं महाधिवेशनपछि आउने कार्यदिशाबाट निजी क्षेत्रको तर्फबाट गरिने हरेक क्रियाकलाप चाहे रोजगारी सृजना गर्ने,चाहे करमा धेरैभन्दा योगदान गर्ने चाहे, सेवा क्षेत्रका पूर्वाधार बनाउने लगायत जुन निजी क्षेत्रको तर्फबाट गर्नुपर्ने जति पनि गतिविधिहरू छन् आउने दिनमा अझै सहकार्य बढ्ने कुरामा विश्वास लिएको छु । पुनः एक पटक यो महाधिवेशनले दिने दिशा निर्देशपछि निजी क्षेत्रको तर्फबाट अझै बढी सहकार्य गर्ने विश्वास दिलाउदै ११ औं राष्ट्रिय महाधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।




प्रकाशक : नेकपा (एमाले) ११ औं राष्ट्रिय महाधिवेशन प्रचार समिति, सल्लाहकार : पद्मा अर्याल, प्रधान सम्पादक : राजेन्द्र गौतम, सम्पादक : गणेश पाण्डे
कार्यकारी सम्पादक : चेतन अधिकारी
सदस्यहरू : इन्द्रमान बुढा (उजिर मगर), विष्णु तारुके, नरेश भण्डारी, प्रकाश सिलवाल, देवराज साउद, टीकाराम उप्रेती, दीपक ज्ञवाली, शेखर अधिकारी, रामेश्वर कार्की, लक्की चौधरी, कालिका खड्का, ध्रुव सुवेदी